# नगर शिक्षक छनौट सम्बन्धी मापदण्ड, २०८०

प्रस्तावना

सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर बृद्धिका लागि विद्यालयहरुमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न नेपालको संविधान, २०७२ को अनुसुचि ८, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी नगरपालिकाले नगर शिक्षक छनौट सम्बन्धी मापदण्ड, २०८० बनाई जारी गरेको छ।

## परिच्छेद १

## संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ** - (१) यस मापदण्डको नाम "नगर शिक्षक छनौट सम्बन्धी मापदण्ड,२०८०" रहेको छ।

(२) यो मापदण्ड साँफेबगर नगरपालिका भित्रका अनुमति तथा स्वीकृत प्राप्त सामुदायिक विद्यालयमा लागू हुनेछ।

(३) यो मापदण्ड नगर कार्यपालिकाबाट पारित भएको मिति देखि लागू हुनेछ।

**२. परिभाषा**- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "नगरपालिका" भन्नाले साँफेबगर नगरपालिकालाई सम्झनु पर्छ।

(ख) "मापदण्ड" भन्नाले नगर शिक्षक छनौट सम्बन्धी मापदण्ड, २०८० लाई सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले साँफेबगर नगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "शिक्षक दरवन्दी" भन्नाले साँफेबगर नगरपालिका भित्रका हाल मौजुदा दरवन्दीलाई सम्झनु पर्छ।

(ङ) "नगर शिक्षक" भन्नाले साँफेबगर नगरपालिका भित्रका अनुमति वा स्विकृती प्राप्त सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी अभाव भई नगर कार्यपालिकाले पद सृजना गरी स्विकृत गरेका शिक्षक पदमा रहेका शिक्षकलाई सम्झनु पर्छ।

(च) "शिक्षक छनौट समिति" भन्नाले नगर शिक्षक छनौट गर्ने प्रयोजनको लागि यस मापदण्डको खण्ड ३ बमोजिम गठित समितिलाई सम्झनु पर्छ।

(छ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले साँफेबगर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(झ) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा शाखा प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको शिक्षा सेवाको अधिकृतलाई सम्झनु पर्छ।

(ञ) "शिक्षा शाखा" भन्नाले साँफेबगर नगरपालिकामा रहेको शिक्षा शाखालाई सम्झनु पर्छ।

(ट) "विषय विशेषज्ञ" भन्नाले शिक्षा संकायबाट तोकिएको विषयमा स्नातक वा स्नातकोत्तर उतिर्ण भई सम्बन्धित विषयमा विज्ञ सम्बन्धित तहको स्थायी/ अस्थायी / वा राहात शिक्षकलाई सम्झनु पर्छ।

(ड) "तलब भत्ता" भन्नाले यस मापदण्डको खण्ड ५ अनुसार नगर शिक्षकलाई दिइने तलब भत्ता सम्झनु पर्छ।

(ञ) "करार सम्झौता" भन्नाले नगर शिक्षकको एक आ.व.का लागी काम गर्न गरेको सम्झौता सम्झनु पर्छ।

(ट) “शिक्षा ऐन” भन्नाले शिक्षा ऐन २०२८ र साँफेबगर नगपालिकाको शिक्षा ऐन २०७६ सम्झनु पर्छ।

(ठ) “शिक्षा नियमावली” भन्नाले शिक्षा नियमावली २०५९ र साँफेबगर नगपालिकाको शिक्षा नियमावली २०८० सम्झनु पर्छ।

(ड) “शिक्षक सेवा आयोग नियमावली” भन्नाले शिक्षक सेवा आयोग नियमावली २०५७ सम्झनु पर्छ।

## परिच्छेद २

## विद्यालयमा रहने नगर शिक्षक दरवन्दी

(१) नेपाल सरकारले सामुदायिक विद्यालयलाई उपलब्ध गराएको दरबन्दीका अतिरिक्त देहायको नगर शिक्षक दरबन्दी रहनेछ।

(२) नगरपालिकाले तोके बमोजिमका विद्यालयका लागी आधारभूत तहमा १ र माध्यमिक तहमा १ वटा नगर शिक्षक दरबन्दी तोकेको समयावधिका लागि मात्र थप हुनेछ।

(३) विद्यार्थी सङ्ख्या र विद्यालयको आवश्यकताका आधारमा नगर शिक्षक दरबन्दी कायम गरिनेछ।

## परिच्छेद ३

## शिक्षक छनौट समिति गठन

**३. शिक्षक छनौट समिति रहने** - (१) सामुदायिक विद्यालयमा नगर शिक्षक नियुक्तिका लागि सिफारिस गर्न नगरलिकामा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ।

(क) प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी – संयोजक

(ख) शिक्षक छनौट समितिले मनोनित गरेको कम्तिमा शिक्षाशास्त्र संकाय तर्फ स्नातक गरेको १ जना वा आवश्कता अनुसार विषय विशेषज्ञ – सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(घ) प्राविधिक सहायक – सदस्य

(ङ) नगर शिक्षा अधिकृत – सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) स्वीकृत दरवन्दी संख्याको अधिनमा रही खुला प्रतिस्पर्धात्मक परिक्षाबाट नगर शिक्षक करारमा नियुक्ति गर्न नगरपालिका समक्ष सिफारिस गर्न आवश्यक कार्य गर्ने,

(ख) परिक्षा संचालनको लागि प्रश्नपत्रको निर्माण गर्ने, प्रश्नपत्रको गोपनियता कायम गर्ने, लिखित, मौखिक तथा आवश्यकता अनुसार प्रयोगात्मक परिक्षा संचालन गर्ने, प्रश्नपत्र जाँच गर्ने र अन्तिम नतिजा प्रकाशन गर्ने,

(ग) परिक्षा संचालनको लागि आवश्यक जनशक्ति परिचालन गर्ने, व्यवस्थापकीय कार्यहरु गर्ने तथा गराउने,

(ङ) परिक्षालाई मर्यादित, स्वच्छ, निष्पक्ष एवं त्रुटिरहित तुल्याउन आवश्यक कार्यहरु गर्ने,

(च) परिक्षा संचालनको लागि आवश्यक अन्य कार्यहरु गर्ने र गराउने,

(छ) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ।

## परिच्छेद ४

## शिक्षक नियुक्ति सम्वन्धि व्यवस्था

**४. प्रतियोगिताको लागि विज्ञापन गर्नु पर्ने**- (१) नगरपालिकाले कम्तिमा १५ दिनको सार्वजनिक सूचना सम्भव भएसम्म सवै माध्यमबाट प्रकाशन गर्नुका साथै वडा कार्यालय र नगरपालिकामा सूचना टाँस गर्नु पर्नेछ। यस्तो सूचना सम्बन्धित स्थानीय तहको वेब साइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उम्मेदवारले विज्ञापनका सबै शर्तहरू पूरा गरी तोकेको दस्तुर र आवश्यक कागजात सहित अनुसूची-१ बमोजिमको ढाँचामा २ प्रति फाराम भरी तोकिएको समयमा नगरपालिकामा दरखास्त दिनुपर्ने छ।

(३) नगरपालिकाले तोकिएको समयभित्र परेका दरखास्त उपर छानविन गरी रीत पुगेको उम्मेदवारलाई प्रवेशपत्र दिनुपर्ने छ।

**५. दरखास्त बुझाउनु पर्ने**- प्रतियोगिमा भाग लिन चाहने उम्मेदवारले आधारभूत तहका लागी रु ७०० र माध्यमिक तहका लागी रु १०००/- परीक्षा दस्तुर दाखिला गरेको रसिद सहित विज्ञापनमा तोकिएको स्थान र अवधि भित्र दरखास्त फाराम बुझाउनु पर्नेछ।

**७. शैक्षिक योग्यता सम्वन्धि व्यवस्था** - नगर शिक्षक पदको लागि लिइने प्रतियोगितात्मक परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमको शैक्षिक योग्यता हुनु पर्नेछ।

(क) मा.वि.तह (९–१०) सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उतिर्ण गरेको

(ख) आ.वि.तह (६–८) सम्बन्धित विषयमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरेको

**८. उम्मेदवारको लागि योग्यता**- (१) देहायका व्यक्तिहरु नगर शिक्षकको पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैन।

क. गैर नेपाली नागरिक,

ख. १८ वर्ष उमेर नपुगेको र ४० वर्ष उमेर नाघेको,

ग. मगज बिग्रेको,

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको,

ङ भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको,

च. सम्बन्धित तहको लागि योग्यता नपुगेको व्यक्ति,

छ. अध्यापन अनुमति पत्र र तालिम प्राप्त नगरेको व्यक्ति

(२ ) उपनियम (१) बमोजिम प्रचलित कानूनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिका भित्र विज्ञान, गणित, अंग्रेजी, विषयको हकमा नगर शिक्षक भर्ना गर्न अध्यापन अनुमती पत्र प्राप्त भएको व्यक्ती नभेटिएको अवस्थामा नगर शिक्षक भर्ना गर्न बाधा पर्ने छैन।

**९. आवश्यक कागजातहरु** - (१) शिक्षक पदमा उम्मेदवार हुन इच्छुक उम्मेद्वारले आफ्नो शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अध्यापन अनुमतिपत्रको प्रमाणित प्रतिलिपि, अनुभव भए सोको प्रमाणित प्रतिलिपि, कुनै विद्यालयमा कार्यरत भए सोको प्रमाणित प्रतिलिपि र छनौट समितिले तोके बमोजिमका अन्य कागजातहरु सहित नगरपालिकामा निवेदन पेश गर्नु पर्नेछ।

**१०. पाठ्यक्रम, परीक्षा प्रणली, मुल्याङ्कन प्रणाली र छनौट प्रक्रिया** - (१) नगर शिक्षकको लागि लिईने परीक्षाको पाठयक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रिया शिक्षक सेवा आयोग नियमावली २०५७ (संसोधन) ले तोके बमोजिम हुनेछ।

(२) लिखित, मौखिक तथा प्रयोगात्मक परिक्षामा सफल भई शिक्षक छनौट समितिले सिफारिस गरेका उम्मेदवारलाई निजले प्राप्त गरेको योग्यताक्रमका आधारमा निजले चाहेको विद्यालयमा अध्यापनका लागि नगरपालिकाले नियुक्ती दिनेछ।

(३) उप नियम (२) मा जुनसुकै कुरा भएतापनि नगरपालिकाले सफल उमेद्धारलाई जुनसुकै विद्यालयमा शिक्षक खटाउन सक्नेछ।

## परिच्छेद ५

## तलब, भत्ता र बिदा सम्बन्धि ब्यबस्था

**११. तलब भत्ता सम्बन्धी व्यवस्था** - नगर शिक्षकहरुको तलब भत्ता देहाय बमेजिम हुनेछ -

क) मा.बि. तह (९-१०)- २५,०००।–

ख आधारभुत तह (६(८) - २०,०००।–

**१२. बिदा सम्बन्धि ब्यबस्था** - नगर शिक्षकले शिक्षा ऐन तथा शिक्षा नियमावली (अन्तिम संशोधन) मा तोकिएको सबै प्रकारको बिदा सञ्चित नहुने गरी पाउनेछन्।

**१३. विदाको सेवा सुविधा सम्बन्धमा**- नगर शिक्षकलाई शिक्षक पदमा बहाल वा जुनसुकै कारणले पदबाट बाहिरिएमा विदा बापतको सेवा सुविधा उपलब्ध गराइने छैन।

**१४- दंशै, चाडपर्व खर्च तथा पोशाक भत्ता सम्बन्धी सुविधा**- नगर शिक्षकलाई दंशै, चाडपर्व खर्च बापत एक महिना बराबरको चाडपर्व खर्च र पोशाक भत्ता उपलब्ध गराइने छ।

**१५. परीक्षा सञ्चालन**ः नगर शिक्षक छनौटमा खटिएका शिक्षक छनौट समितिका पदाधिकारी, कर्मचारी देहाय बमोजिमको परीक्षा सञ्चालन गर्नुपर्ने छः

(क) नगर शिक्षक छनोट समितिले परीक्षालाई व्यवस्थित बनाउन आवश्यक सङ्ख्यामा निरीक्षक तोक्न सक्ने छन्।

(ख) परीक्षामा खटिने समितिका पदाधिकारी, कर्मचारी, विषयविज्ञ लगायतले प्रचलित नियमानुसारको भत्ता पाउनेछन्।

(ग) परीक्षा भवन तथा परिसरमा खटाइएका कर्मचारी, शिक्षक छनौट समितिका पदाधिकारी बाहेक अन्य कसैलाई प्रवेश गर्न अनुमति दिइने छैन

(घ) परीक्षा सञ्चालन हुनु पूर्व छनौट समितिको बैठक राखी परीक्षा सञ्चालन सम्बन्धी मापदण्ड र आचारसंहिता तयार गरी कार्यान्वयन सम्बन्धी अभिमुखीकरण गरिनेछ छ।

(ङ) प्रमुख प्रशासकीय अधिकृत / शाखा प्रमुख वा निजले तोकेको शिक्षा सेवाको अधिकृत स्तरको कर्मचारीको रोहवरमा उत्तरपुस्तिकामा कोडिङ डिकोडिङको काम गरिने तथा निजकै रोहवरमा परीक्षा केन्द्र हाताभित्र विषय विज्ञबाट उत्तरपुस्तिका परीक्षण र आवश्यकतानुसार सम्परीक्षणको काम समेत गरिने छ।

(च) अस्थायी/ करार /राहत शिक्षकलाई पनि विषय विज्ञको रुपमा खटाउन सकिने छ।

(झ) नगर कार्यपालिकाबाट स्वीकृत यस कार्यविधिलाई शिक्षक छनौट समितिले पूर्णरुपमा पालना गर्नुपर्ने छ।

(ञ) परीक्षा सञ्चालनमा लाग्ने सम्पूर्ण खर्चको व्यवस्थापन नगरपालिकाले गर्नुपर्ने छ।

(ट) विषय विज्ञद्वारा परीक्षा सुरु हुनुभन्दा १ (एक) घण्टा अगाडि परीक्षा सञ्चालन स्थलमा नै समितिको रोहवरमा प्रश्नपत्र निर्माण परिमार्जन / मोडरेसन गरिने छ।

(ठ) प्रश्नपत्र निर्माण कार्य प्रारम्भ भएदेखि अन्तिम नतिजा प्रकाशनको काम समाप्त नभएसम्म सो कार्यमा संलग्न सबैले मोवाइल फोन र अन्य सञ्चारको माध्यम प्रयोग गरी परीक्षा हल बाहिर कुनै किसिमको सञ्चार गर्न र अनुमतिबिना बाहिर भित्र गर्न पाउने छैनन्।

(ड) परीक्षार्थीलाई उत्तर पुस्तिका र प्रश्नपत्र वितरण कार्य छनौट समितिको संयोजक र सदस्य सचिवको रोहवरमा गरिने छ।

(ढ) प्रश्नपत्रसँगै उत्तरकुञ्जिका निर्माण समितिको रोहवरमा गर्ने। उत्तरपुस्तिका परीक्षण गर्ने विशेषज्ञले उम्मेदवारको पहिचान गर्न नसक्ने गरी समितिले लिखित परीक्षाको उत्तरपुस्तिकामा कोडिङ (सांकेतीकरण) गर्ने व्यवस्था मिलाउन सकिनेछ।

(ण) कोडिङ भएको उत्तरपुस्तिका सम्बन्धित विषय विशेषज्ञबाट परीक्षण र सम्परीक्षण गराइनेछ। समितिले उत्तरपुस्तिका परीक्षण गर्ने विधि, प्रक्रिया र आचारसंहिता विषय विशेषज्ञलाई उपलब्ध गराउनेछ।

(त) विषय विज्ञले समयमै उत्तरपुस्तिका परीक्षण गरी परीक्षण भएको उत्तरपुस्तिका सिलबन्दी गरी समितिको सदस्य-सचिव समक्ष पेश गर्नु पर्ने छ।

(थ) सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरूको नाम नेपाली वर्णानुक्रम अनुसार समावेश गरी लिखित परीक्षाको नतिजा प्रकाशन गर्नुपर्ने छ।

(द) लिखित परीक्षामा सफल उम्मेदवारलाई मात्र मौखिक परीक्षामा सहभागी गराइने छ र सबै चरणको परीक्षामा सफल उम्मेदवारलाई नियुक्तिको लागि नगरपालिकालाई सिफारिस गरिने छ।

(ध) वैकल्पिक शिक्षक प्रयोजनका लागि पचास प्रतिसतले नबढ्ने गरी वैकल्पिक सूची तयार गरिने छ।

(न) उत्तरपुस्तिकामा आफूलाई चिनाउने गरी कुनै सङ्केत गर्न पाइने छैन। यो नियम विपरीत कुनै सङ्केत गरिएको पाइएमा उत्तरपुस्तिका र निजको परीक्षा रद्द गरिने छ।

## परिच्छेद ७
## विविध

**१६. करार थप वा नव ीकरण गर्न सकिने** - कार्य सम्पादन मूल्यांकन र विद्यालयमा आएको शैक्षिक सुधार समेतलाई विश्लेषण गरी  नगर शिक्षकहरुको करार अवधि सम्झौतामा उल्लेख भए बमोजिम नगर कार्यपालिकाले पुनः थप वा नवीकरण गर्न सक्नेछ। तर  कार्य सम्पादनस्तर सन्तोषजनक नभएका नगर शिक्षकहरुको करार अवधी थप वा नवीकरण हुन सक्ने छैन।

**१७. वैकल्पिक शिक्षक भर्ना गर्न सकिने** – नगर शिक्षकमा नियुक्त भएको शिक्षक कुनै कारणले शिक्षक पदमा नरहेमा बैकल्पिक  सूचीमा रेहका उम्मेदवारहरु मध्येबाट करार सम्झौता गरी सम्बन्धित विद्यालयमा खटाउन सकिनेछ। तर बैकल्पिक सूचीमा रहेका उम्मेदवारहरुलाई शिक्षक नियुक्ति भएको एक वर्ष पछि यस्तो अवसर उपलब्ध हुने छैन्।

**१८. नगर शिक्षकबाट हटाउन सकिने** - नगर शिक्षक पदमा कार्यरत शिक्षकले पेशागत आचरण विपरित कार्य गरेमा नियुक्त गर्ने निकायले जुनसुकै बखत हटाउन सक्नेछ। तर पदबाट हटाउनु पूर्व सफाईको मौका दिइने छ।

अनुसूची १

# साँफेबगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यलय

साँफेबगर, अछाम।

**नगर शिक्षक पदका लागि आवेदन फारम**

(तह र विषय फरक भएमा छुट्टाछुट्टै फारम भर्नुपर्नेछ । तर एउटै तह/ विषयको एकभन्दा बढी समूहका लागि एउटै फारम प्रयोग गर्नुपर्नेछ ।

क. उम्मेदवारले सेवा गर्न चाहेको पद : नगर शिक्षक विज्ञापन नं. :

तह: विषय: समूह:

ख. उम्मेदवारको वैयक्तिक विवरण :

| | |
|---|---|
| उम्मेदवारको नाम/ थर: | देवनागरिकमा : |
| | In English Block Letter : |
| स्थायी ठेगाना: | जिल्ला: गा .पा./न.पा : वडा नं.: |
| | टोल: सम्पर्क नं.: |
| पत्राचार गर्ने ठेगाना: | जिल्ला : गा .पा./न.पा : वडा नं.: |
| | टोल : सम्पर्क नं.: ईमेल: |
| बाबुको नाम थर: | आमाको नाम थर: |
| बाजेको नाम थर : | पति/पत्नीको नाम थर: |
| जन्म मिति: | हालको उमेर: .........वर्ष.........महिना......दिन |

ग. शैक्षिक योग्यता सम्बन्धी विवरण(न्यूनतम् र सो भन्दा मुनि SLC/SEE सम्मको)

| शैक्षिक योग्यता | विश्वविद्यालय/बोर्ड/संस्था | शैक्षिक उपाधि | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

घ. संलग्न कागजातहरुको विवरण(संलग्न प्रति संख्या समेत उल्लेख गर्ने):

१ ३

२ ४

माथि उल्लेखित व्यहोरा ठीक साँचो हो भनी उम्मेदवारले सहिछाप गर्ने :

| उम्मेदवारको ल्याप्चे सहिछाप | | दस्तखत | मिति |
|---|---|---|---|
| दाँया | बाँया | | |

अनुसूची २
साँफेबगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम।

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साईजको फोटो टाँसी फोटोमा पर्ने गरी उम्मेदवारले सही गर्ने |

**प्रवेश- पत्र**

**उम्मेदवारले भर्ने:**

**क. उम्मेदवारको नाम,थर :**

**ख. तह: ग विषय विज्ञापन नं.**

ङ स्थायी ठेगाना: जिल्ला........................ गा/पा/न/पा....................................वडा नं.......................

च परीक्षार्थीको दस्तखत मिति ................................................

**सम्बन्धित करमचारीले भर्ने**

मिति ....................................मा हुने नगर शिक्षक प्रतियोगीतामा तपाईलाई सम्मिलित हुन अनुमित दिइएको छ। विज्ञापनमा तोकिएको शर्त पूरा नगरेको ठहर भएमा जुनसुकै बखत यो प्रवेश पत्र रद्द हुनेछ।

परीक्षा केन्द्र................................................रोल नं. ......................................................

**परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरू :**

१. उम्मेदवारले परीक्षा दिन आउँदा अनिवार्यरूपमा प्रवेशपत्र लिई आउनुपर्नेछ। प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन।
२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन।
३. लिखित परीक्षा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ताको दिन सक्कल प्रवेशपत्र र अन्य प्रमाणपत्रहरू अनिवार्य रुपमा ल्याउनुपर्नेछ।
४.दरखास्त फाराममा लेखिएको तह, विषय र समूहको परीक्षामा मात्र सम्मिलित भई परीक्षा दिनुपर्नेछ।
५.परीक्षार्थीले वस्तुगत परीक्षाको लागि दिइएको निर्देशन बमोजिम मात्र उत्तरपुस्तिकामा लेख्नुपर्नेछ र परीक्षार्थीले अनिवार्यरूपमा कालो मसी प्रयोग गर्नुपर्नेछ।
६. उत्तर पुस्तिकामा नाम थर, रोल नम्बर आदि विवरण लेखेको कभरपेजको ठीक पछाडिको पृष्ठमा उत्तर लेख्नु हुँदैन।
७. तोकिएको परीक्षा केन्द्र बाहेक अन्य केन्द्रबाट परीक्षा दिन पाइने छैन।
८. परीक्षामा सिसाकलम प्रयोग गर्न पाइनेछैन सो प्रयोग गरेको पाइएमा परीक्षा रद्द हुनेछ।
९. परीक्षा शुरू हुनुभन्दा ३० मिनेट अगाडि जनाउ घण्टीले सूचना गरेपछि परीक्षा भवनमा प्रवेश गर्नुपर्नेछ।
१०. परीक्षा शुरू भएको आधा घण्टापछि आउने परीक्षार्थीलाई परीक्षा हलमा पवेश गर्न दिइनेछैन।
११. परीक्षा शुरू भएको एक घण्टा व्यतित नभएसम्म परीक्षा भवनबाट बाहिर जान पाइनेछैन।१२. परीक्षा भवनमा किताब, कापी, कागज, चिट आदि लैजान पाइनेछैन परीक्षार्थीले आपसमा कुराकानी र सङ्केत गर्न पाइने छैन
१३. आफूलाई चिनाउने कुनै सङ्केत, फोन, मोबाइल नं. आदि उत्तरपुस्तिकामा लेख्न पाइनेछैन। अन्यथा परीक्षा रद्द हुनेछ।
१४. परीक्षा भवनमा अनुचित कार्य गरेमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ
१५. सरुवा रोग लागेको परीक्षार्थीले परीक्षा शुरू हुनु अगावै केन्द्राध्यक्षलाई लिखित रुपमा जानकारी गराउनुपर्नेछ। केन्द्राध्यक्षले त्यस्ता परीक्षार्थीको पहिचान गरी परीक्षा दिन लगाउन आवश्यक व्यवस्था गर्न सक्नेछ।
१६. विज्ञापन वा सूचनामा उल्लिखित कार्यक्रम अनुसार परीक्षा हुनेछ।

## अनुसूची ३
## नगर शिक्षक सेवा करार सम्झौता

श्री साँफेबगर नगरपालिका अछाम (यसपछि प्रथम पक्ष भनिने छ) र ......................जिल्ला.................गा.पा./न.पा .................................गाँउ/टोल वडा नं. ......... स्थायी ठेगाना भई हाल ..........................बस्ने श्री .....................................को छोरा/छोरी...............................श्री .....................................(यसपछि दोस्रो पक्ष भनिनेछ) बीच नगर शिक्षकको रुपमा ..................तह .........................विषयमा ..............शैक्षिक सत्रका लागी शिक्षण कार्य गर्न भएको सम्झौता पत्र।

**(१) प्रथम पक्षले गर्नुपर्ने कार्यहरू:**

(क) नगर शिक्षक छनोट मापदण्ड, २०८० बमोजिम सम्बन्धित विद्यालयको खातामा मासिक/त्रैमासिक रूपमा निर्वाह भत्ता निकासा उपलब्ध गराउने,

(ख) नगर शिक्षक छनोट मापदण्ड, २०८० बमोजिम विदा तथा अन्य सुविधा उपलब्ध गराउने,

(ग) नगर शिक्षक छनोट मापदण्ड, २०८० बमोजिम आचारसंहिता पालना गराउने,

(घ) नगर शिक्षकले सम्झौता बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने/गराउने।

**(२) दोस्रो पक्षले पालन गर्नुपर्ने शर्तहरू :**

(क) विद्यालयमा नियमित रूपमा उपस्थित भई पठनपाठनमा सहभागी हुनुपर्ने,

(ख) नियमित पठनपाठनका साथै अतिरिक्त क्रियाकलाप लगायत विद्यालयले सुम्पिएको जिम्मेवारी पूरा गर्नुपर्ने,

(ग) नगर शिक्षक छनोट मापदण्ड, २०८० बमोजिमको आचारसंहिता पालना गर्नुपर्ने,

(घ) नगर शिक्षक छनोट मापदण्ड, २०८० बमोजिमको सुविधा बाहेक अन्य कुनै प्रकारको सेवा सुविधा दावी गर्न पाइने छैन।

| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
|---|---|
| नाम र थर : | नाम र थर : |
| ठेगाना : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |